# विनियोजन विधेयक २०७८

## ज्वालामूखी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानिय संचित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा ब्यबस्था गर्न बनेको विधेयक २०७८


**ज्वालामूखी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

साँधभञ्ज्याङ, धादिङ

बागमती प्रदेश, नेपाल

Email :info@jwalamukhimun.gov.np

Website:jwalamukhimun.gov.np

## ज्वालामूखी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा ब्यबस्था गर्न बनेको विधेयक २०७८

<u>प्रस्तावनाः-</u> ज्वालामूखी गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२९ को उपधारा (२) बमोजिम ज्वालामूखी गाउँपालिकाको गाउँसभा पाँचौ अधिबेशनले यो ऐन बनाएको छ ।

<u>१.संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "ज्वालामूखी गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

<u>२.आर्थिक वर्ष २०७७।०७८ मा सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः-</u>
(१) आर्थिक वर्ष २०७८।०७९ को लागि गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **५४९८४२६६३.०४।-** (**अक्षेरुपी रु चउन्न करोड अन्ठानब्बे लाख बयालिस हजार छ सय त्रीसाठ्ठी मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

(२) उफदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिका कार्यालयलाई आ.व. २०७८/०७९ भित्र संघिय सरकार, प्रदेश सरकार वा अन्य जुनसुकै निकाय बाट रकम प्राप्त हुन आएमा उक्त रकम संचित कोषमा आम्दानी बाँधी गाउँकार्यपालिकाको निर्णय अनुसार खर्च गर्न बाधा पुग्ने छैन ।

<u>३. विनियोजनः</u> (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ का लागि ज्वालामूखी गाउँपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिएको छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये

कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ । यसरी रकम रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ रकमान्तर गर्न र बित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्नु परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) उल्लेखीत दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि आ.व. ०७८।७९ वाट स्थानीय तहहरुले अनिवार्य रुपमा स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) लागु भएकोले रकमान्तर सम्वन्धी व्यवस्था SUTRA वमोजिम हुनेछ ।

# अनुसूचि–१
## (दफा २ संग सम्बन्धित)
## नेपालको संविधान २०७२ को धारा २२९ को उपधारा २ बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

| सकेत न | खर्च शिर्षक | आ व २०७५।०७६ को यथार्थ | आ व ०७६।०७७ को ससोधित अनुमान | आ व २०७७।०७८ को अनुमान | श्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सहकारी बित्तिय हस्तान्तरण | | |
| | | | | | | संघीय सरकार | प्रदेश सरकार | स्थानियतह |
| चालु खर्च | | | | | | | | |
| १००१ | पदाधिकारी सुविधा | | | ६,५०० | | | ६,५०० | |
| १००२ | प्रोत्साहन तथा पुरस्कार | | | १,५०० | १५०० | | | |
| १००३ | कर्मचारी पारिश्रमिक | | | १२,५०० | | १२,५०० | | |
| १००४ | महंगी भत्ता | | | १,२०० | | १,२०० | | |
| १००५ | स्थानीय भत्ता | | | ५०० | | ५०० | | |
| १००६ | प्राविधिक कर्मचारी फिल्ड भत्ता | | | १,००० | | १,००० | | |
| १००७ | पदाधिकारी तथा कर्मचारी बैठक भत्ता | | | ४,००० | ४००० | | | |
| १००८ | सार्वजनीक सुनुवाइ | | | ७०० | | ७०० | | |
| १००९ | पोशाक कर्मचारी | | | ६०० | | ६०० | | |
| १०१० | सवारी साधन मर्मत | | | २,००० | | २,००० | | |
| १०११ | विमा तथा नविकरण खर्च | | | ७०० | | ७०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०१२ | सन्चार महसुल | | | १,४०० | | | १,४०० | |
| १०१३ | मेशीनरी तथा औजार मर्मत तथा सचालन खर्च | | | १,५०० | १५०० | | | |
| १०१४ | धारा बिजुली | | | ४०० | | ४०० | | |
| १०१५ | कार्यालय सन्चालन सम्वन्धि खर्च छपाइ समेत | | | ५,५०० | | ५,५०० | | |
| १०१६ | इन्धन अन्य प्रयोजन | | | १०० | | १०० | | |
| १०१७ | अन्य भाडा | | | ५०० | | ५०० | | |
| १०१८ | घर भाडा | | | १,५०० | | | १,५०० | |
| १०१९ | इन्धन | | | २,५०० | | २,५०० | | |
| १०२० | सेवा परामर्श | | | ४,००० | | | ४,००० | |
| १०२१ | विविध | | | ३,५०० | | | ३,५०० | |
| १०२२ | सुचना प्रणाली सफ्टवयेर सचालन तथा भिडियो डकुमेन्ट्री | | | ३,५०० | | ३,५०० | | |
| १०२३ | सभा सचालन खर्च | | | ७०० | | ७०० | | |
| १०२४ | भ्रमण तथा अनुगमन मुल्याकन खर्च | | | ३,००० | | ३,००० | | |
| १०२५ | अन्य शेवा शुल्क | | | १०,००० | | १०,००० | | |
| १०२६ | सुचना प्रकाशन | | | २,००० | | | २,००० | |
| १०२७ | सरुवा भ्रमण खर्च | | | १०० | | १०० | | |
| १०२८ | कर्मचारी तथा पदाधिकारी क्षमता विकास तालिम | | | १,००० | | १,००० | | |
| १०२९ | सीप विकास तालिम | | | १,००० | | १,००० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०३० | अन्य कार्यक्रम तथा अतिथि सत्कार खर्च | | | ७०० | ७०० | | | |
| पुजीगत तर्फ | | | | ७४,१०० | ७७०० | ४७,५०० | १८,९०० | |
| २००१ | गाँउपालिका स्तरीय योजना | | | ८५,०७७४३ | | ८४,०३७४३ | १,०४० | |
| २००२ | सवारी साधन खरिद | | | १,५०० | | | १,५०० | |
| २००३ | फर्निचर तथा फिक्चरर्स | | | ३,००० | | ३,००० | | |
| २००४ | मेशिनरी औजार | | | १,५०० | | | १,५०० | |
| २००५ | कार्यक्रम खर्च वडागत | | | ७२,५०० | | ७२,५०० | | |
| २००६ | सशर्त अनुदान | | | २०२,९०० | | १८२,३०० | २०,६०० | |
| २००७ | समपुरक अनुदान | | | २९,९६३ | | | २९,९६३ | |
| २००८ | विषेश अनुदान | | | ३,००० | | | ३,००० | |
| पुजीगत जम्मा | | | | ३९९४४०४३ | ( | ३४१८३७४३ | ५७,६०३ | |
| चालु खर्च जम्मा | | | | ७४,१०० | ७७०० | ४७,५०० | १८,९०० | |
| कुल जम्मा | | | | ४७३५४०४३ | ७७०० | ३८९३३७४३ | ७६,५०३ | |